# कम्पनी राजिष्ट्रारको कार्यालयको सूचना

नेपालमा व्यवसाय दर्ता (सुरुवात) गर्ने सामान्य माध्यम वा तरिकाहरु निम्न रहेको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लगि यो सूचना गरिएको छ।

मिती : २०७७/१२/०७

१. नेपालमा व्यवसाय गर्न कम्पनी खोलि वा कम्पनीको शेयर पूँजी राखी प्राईभेट कम्पनी/पब्लिक कम्पनी/ मुनाफा वितरण नगर्ने कम्पनी दर्ता गरी व्यवसाय गर्नु परेमा कम्पनी दर्ता गर्नु पर्दछ।

२. विदेशमा स्थापित कम्पनिले नेपालमा शाखा/सम्पर्क कार्यलय स्थापना गर्नुपरेमा कम्पनी राजिष्ट्रारको कार्यालयमा दर्ता गर्नु पर्दछ।

३. प्राइभेट फर्म/साझेदारी फर्म दर्ता गरी व्यवसाय गर्नु गरेमा वाणिज्य विभाग वा अन्तरगतमा कार्यलयहरुमा दर्ता हुनु पर्दछ।

४. घरेलु उघोग स्थापना गरी व्यवसाय संचालन गर्नु परेमा सम्बन्धीत घरेलु कार्यालयमा दर्ता गर्नु पर्दछ।

५. सहकारी संस्था दर्ता गर्नु परेमा सहकारी विभाग / प्रदेशको सम्बन्धित कार्यालय / स्थानिय तह बाट दर्ता इजाजत लिनु पर्दछ ।

६. संस्था दर्ता ऐन अनुसार गैर सरकारी संस्था (NGO) सम्बन्धित जिल्ला प्रसासन कार्यालयमा दर्ता गर्नुपर्दछ र समाज कल्याण परिसदमा आबद्ध हुनु पर्नेमा नियम अनुसार आबद्ध हुनु पर्दछ ।

७. साथै स-साना व्यवसाय/पसल संचालन गर्नु परेमा स्थानिय तहको नियम (नगरपालिका, गाँउपालिका)मा दर्ता हुनु पर्दछ।

८. औधोगिक व्यवसाय ऐन, नियम अनुसार उधोग विभागबाट ईजाजत लिनु पर्नेमा उध्योग विभागमा दर्ता/इजाजत लिनु पर्दछ।

९. इजाजत-पत्र / अनुमती-पत्र / लाईसेन्स लिई कारोबार गर्नुपर्ने व्यवसायको हकमा संचालन गर्नुपर्ने व्यवसाय / कम्पनी / उघोग / घरेलु उघोग / प्राइभेट फर्म/साझेदारी फर्महरुले कारोबार सुरु गर्नु पूर्व सम्बन्धित निकायबाट इजाजत-पत्र / अनुमती-पत्र / लाईसेन्स लिई मात्र व्यवसाय गर्नुपर्ने छ।

१०. सम्बन्धित स्थानिय तहभित्रको कार्यालय (शाखा/ईकाई/विक्रि केन्द्र/पसल साथै स-साना व्यवसाय संचालन गर्नुपरेमा स्थानीय तहको नियमअनुसार कम्पनी/उधोग /घरेलु उघोग/ व्यवसाय/ फर्म सबैले स्थानिय तह(नगरपालिका,गाँउपालिका) मा सम्पर्क गरी दर्ता गर्नु पर्दछ।

११. दर्ता भएको जुनसुकै व्यवसाय सञ्चालकले आफ्नो कम्पनी / उघोग/ घरेलु उघोग / फर्म / पसल ले आन्तरिक राजश्व कार्यालयमा करदाताको स्थायी लेखा नम्बर (PAN) / VAT दर्ता गर्नु पर्दछ।

( Note: यो सुचना सामान्य जानकारिको लागि मात्र राखिएको हो। सम्बन्धित व्यवसायको दर्ता प्रक्रिया, लाग्ने समय, आवश्यक कागजात, सर्त, माबदण्डहरु प्रचलित कानुन बमोजिम हुन्छ। )

(तुल्सीराम गैरे)
उपराजिष्ट्रार/प्रवक्ता